# ECHO OF HIS CALL

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

# बोलावटको प्रतिध्वनि

NEPALI

*India's National Spiritual Newspaper*

₹ 10/-

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAANS

**Editor : S. SAM SELVA RAJ** | **16 Languages** | **Associate Editor : Bro. Bhuvan Devkoda**

Vol. XXI | YEAR OF OUR LORD JESUS CHRIST, MAY 2021 | No.6


**पवित्र बाइबल**

कृपया यो खण्ड कण्ठ गर्नुहोस् ।

परमप्रभुको प्रशंसा

**व्यवस्था २८:१–८**

१. आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम तिमीहरूले होसियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर उहाँको वचन पालन गर्‍यौ भने उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये श्रेष्ठ तुल्याउनुहुनेछ ।

२. परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गर्‍यौ भने यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन् र र तिमीहरूसाथ रहिरहनेछन्:

३. तिमीहरूले सहरमा आशिष् पाउनेछौ र गाउँ-बस्तीमा आशिष् पाउनेछौ ।

४. तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका बाछा-बाछीमाथि, भेडाबाख्राका पाठापाठीमाथि ।

५. तिमीहरूको डालो र तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ ।

६. भित्र आउँदा र बाहिर जाँदा तिमीहरूले आशिष् पाउनेछौ ।

७. तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ । उनीहरू तिमीमाथि एक बाटो आउनेछन् तर तिमीबाट सात बाटा भाग्नेछन् ।

८. परमप्रभुले तिमीहरूको ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ । परमप्रभु तिमीहरूका परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ ।

# जमीनमा परेका हरेक थोक खेर गए पनि परमेश्वरको कुनै पनि जमीनमा खेर जानेछैन !

## Even if everything falls on ground waste, none of God's Words will fall on the ground !

**(मुख्य मण्डलीमा पास्टर एस. साम सेल्भाराजले दिनुभएको सन्देश)**

**"जसै शमूएल बढ्न लागे, परमप्रभु तिनीसँग हुनुभयो र उहाँका वचनहरू एउटै पनि अपूर्ण रहेन" (१ शमूएल ३:१९) ।**

जब म सानो केटो थिए, म आफ्नो काका (आमाको दाइ) र मेरो फुपुको सुपरीवेक्षणमा र आमाको अत्यन्तै प्रेममा हुर्केको थिएँ । मेरो बुबा सेनामा निकै टाढा काम गर्नुहुन्थ्यो र उहाँ बिदामा घरमा आउनुहुँदा उहाँले मेरो निम्ति धेरै उपहारहरू किन्नुहुन्थ्यो किनकि हाम्रो परिवारमा म सबैभन्दा प्रिय बच्चा थिएँ । हामी सङ्युक्त परिवारको रूपमा सबै जना बस्थ्यौं । एक पटक उहाँले मलाई बोतलमा अत्यन्तै महङगो आयातित अत्तर दिनुभयो, जुन विदेशी देशबाट आयात गरिएको थियो । उहाँले मलाई हँसाउनुभयो र मैले त्यो अत्यन्तै ठूलो वास्ताका साथ सम्हाल्नुपर्छ भनेर उहाँले मलाई बताउनुभयो ।

मैले अत्यन्तै खुसी साथ त्यो स्वीकार गरें र मैले त्यो मेरो आफन्तहरू, साथीहरूलाई देखाएँ । अनि मैले मण्डलीमा भएका मेरा पास्टर र मेरो मण्डलीमा आउने मेरा साथीहरूलाई पनि देखाएँ र त्यो मेरो बुबाद्वारा दिइएको उपहार थियो भनेर घमण्ड गर्थें ।

तर केही दिनभित्रै, जब मैले हातमा बोतल समातिरहेको थिएँ, त्यो मेरो हातबाट चिप्लियो र भूइँमा खस्यो र टुक्राटुक्रा भयो ! बोतलमा भएको अत्तर सानो खोलाजस्तै गरी भूईंमा पोखियो, मेरै आँखैअगाडि । मैले धेरै वर्षअघि अनुभव गरेको आघात मेरो मनमा अझै पनि आउँछ ।

तपाईंको जीवनलाई टुक्राटुक्रा पार्ने केही घटनाहरूबाट तपाईं पनि अत्यन्तै प्रभावित भएको हुन सक्नुहुन्छ । तपाईंको हातको अत्यन्तै नजिकै भएका धेरै असल थोकहरू तपाईंबाट चिप्लिएको हुन सक्छ । आज तपाईंको निम्ति केही असल समाचार छ ! तपाईंसँग परमप्रभु परमेश्वर येशू ख्रीष्ट हुनुहुन्छ ‼ उहाँले तपाईंलाई आफ्ना वचनले हरेक दिन खुवाउन सक्नुहुन्छ ‼! यी अमूल्य

बाँकी पृष्ठ ३ मा

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....



**...मैले तँलाई अनन्त प्रेमले प्रेम गरें...**

यर्मिया ३१:३

**हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको मीठो नाउँमा तपाईं सबैलाई धेरै प्रेम ।**

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको मीठो नाउँमा तपाईं र तपाईंका प्रियहरूलाई प्रेमिलो अभिवादन ।

तपाईंलाई आरामै छ भनेर म आशा गर्दछु । यो महान् आत्मिक मिसनमा येशू ख्रीष्टमा असल साथी र साझेदार भएर हरेक बिहान र राती अनुग्रहको सिंहासनअघि म तपाईंलाई सम्झन्छु । तपाईं मेरो प्रार्थनाको छोपाइमा हुनुहुन्छ भनेर कृपया याद राख्नुहोस् । परमप्रभु परमेश्वर येशू ख्रीष्ट, जसको म सेवा गर्दछु, उहाँले तपाईंलाई कहिल्यै पनि असहजतामा राख्नुहुनेछैन नता तपाईंलाई त्याग्नुहुन्छ, मेरा प्रियहरू ।

सदाझैं, यी दिनहरूमा पनि हरेक दिन म बिहान सबेरैदेखि मध्यरातसम्मै मेरो परिवारका जिम्मेवारीहरूबाहेक प्रार्थना गरेर, लेखेर, प्रचार गरेर, शिक्षा दिएर, प्रशासनिक कार्यहरू गरेर, आर्थिक खाँचोहरूलाई वास्ता गरेर, आदि काम गरेर प्रभु येशू ख्रीष्टको सेवामा अत्यन्तै व्यस्त भएको छु । मैले राम्रो गरिरहेको छु । *"परमप्रभु मेरा गोठाला हुनुहुन्छ, मलाई केही कुराको अभाव हुँदैन । उहाँले मलाई हरियो खर्कमा लेटाउनुहुन्छ र मलाई शान्त पानीको छेउमा डोऱ्याउनुहुन्छ । उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ । उहाँले आफ्नो नाउँको खातिर मलाई धार्मिकताको मार्गमा डोऱ्याउनुहुन्छ । मृत्युको अन्धकारमय घाटी भएर जानुपरे पनि म कुनै खतरादेखि डराउनेछैनँ किनकि तपाईं मेरो साथमा हुनुहुन्छ । तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्" (भजनसंग्रह २३:१-४) ।* तपाईंले आफ्नो जीवनमा पनि यो कुरा अनुभव गर्नुभएको होस् भन्ने मेरो चाहना हो ।

हाम्र सेवकाइहरूजस्तै हाम्रा **मुख्य मण्डली, शाखा मण्डलीहरू, १७ वटा भाषामा भएको बोलावटको प्रतिध्वनि पत्रिका, बाइबलकोर– आधारभूत पत्राचार कोर्स, नहेम्याह बाइबल कलेजहरू, सुसमाचारीय छापाखाना, सेन्ट, मेट्रिकुलेसन स्कुल** आदि परमेश्वरको अनुग्रहद्वारा राम्ररी कार्य गरिरहेका छन् । हाम्रो सुरक्षा र फैलावटको निम्ति मलाई तपाईंको प्रार्थनाको आवश्यकता छ ।

## नहेम्याह बाइबल कलेज

यी दिनहरूमा परमप्रभु परमेश्वरले हामीलाई हाम्रो **नहेम्याह बाइबल कलेजका** क्रियाकलापहरूलाई आधुनिक तरिकामा फैलन र बलियो हुन अगाडि बढाइरहनुभएको छ । यो पनि अलग्गै नेतृत्वमा संचालन भइरहेको छ, जो प्रसिद्ध बाइबल विद्वान र योग्य र अनुभवनी फसिलिटी सदस्यहरूका समूहका हुनुहुन्छ । हामीले पहिले नै **एसिया थियोलोजिकल असोसिएसन (एटिए) –** भारतसँग सम्बन्धनको निम्ति आवेदन दिएका छौं, जुन नम्बर १ सम्बन्ध निकाय हो । उनीहरूका मापदण्डलाई पूरा गर्नको निम्ति हामीले आफ्नो पुस्तकालय धेरै पुस्तकहरूका साथमा विकास गर्नुपरेको छ । हाम्रा विद्यार्थीहरूका प्रयोगको निम्ति हामीले धेरैभन्दा धेरै ईश्वरशास्त्रीय पुस्तकहरू र उपासनाका पुस्तकहरू प्राप्त गर्ने कोसिस गरिरहेका छौं ।

तपाईंसँग पनि असल प्रयोग भइसकेका वा नयाँ त्यस्ता पुस्तकहरू छन् भने तपाईंले ती हाम्रो बाइबल कलेजमा दान दिन सक्नुहुन्छ । विदेशमा बस्नुहुने मेरा एक जना मित्रले हालै मात्र भन्नुभयो, उहाँले हाम्रो बाइबल कलेजलाई कार्गोबाट प्रशस्त पुस्तकहरू पठाउन सक्नुहुन्छ । तर हामीले कार्गोको शुल्क, अध्यागमन, आदिको शुल्क तिर्नुपरेको छ । यो ठूलो पैसा हुन सक्छ, जुन हाम्रो क्षमताभन्दा बाहिर रहेको छ । यस कुराको निम्ति तपाईंको प्रार्थनाको लागि हामी आग्रह गर्छौं । यो ठूलो आवश्यकताको निम्ति तपाईंले प्रार्थना गर्न सक्नुहुन्छ र परमेश्वरले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार गर्नुहोस् किनकि हामीलाई यी पुस्तकहरू, पुस्तक ऱ्याकहरू, पुस्तकालयका टेबलहरू, कम्प्यूटरहरू आदि हाम्रो बाइबल कलेजको पुस्तकालयको निम्ति अत्यन्तै खाँचो छ ।

## सेन्ट पावलस् मेट्रिकुलेसन स्कुल

अर्कोतिर हामीलाई प्रयोगमा आइसकेको **पुस्तकालयका पुस्तकहरू पनि आवश्यक छन्, जुन हाम्रो सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको निम्ति कथाका पुस्तकहरू, भाषाहरू, उपन्यासहरू, लोककथाहरू, शब्दकोशहरू, पजलहरू, शब्दावलीहरू, नाटकहरू र काल्पनिक कथाहरू रहेका छन् ।** पुस्तकालय सुरु गर्नमा गरिब बालबालिकाहरूले तपाईंको सहयोगी हातको आशा गरिरहेका छन् । प्रभुले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार तपाईंले गर्नुभएको होस् ।

प्रिय दाजुभाइहरू तथा दिदीबहिनीहरू, हामी परमेश्वरको सेनाको अघिल्लो पङ्क्तिमा भएका हुनाले वर्तमान दिनहरू हामीजस्ता मानिसहरूका निम्ति उपयुक्त छैनन् भनेर



**OUR MISSION POLICY**
We should expound and teach the contemporary generation the undiluted teachings of the ancient and early Apostles. It is the need of the hour

CHIEF EDITORS
Pastor S. Sam Selva Raj
Angeline Selvakumari Henry, M.A., M.Ed.

MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.

ADMINISTRATION
Bro. N. Prakasam, M.A., General Manger

EDITORIAL BOARD
Sis. Jesy Veena Sam
Bro. M. Paul Raj, M.A., B.Ed.
Sis. Serena Bevin, M.A., M.Phil., B.Ed.

HEAD OFFICE CO-ORDINATORS
Bro. John Rodrigues
Sis. E. Daisy Rani

ADVISORY BOARD
Adv. Jose Abraham
Adv. N. Balaji, B.Com., B.L.
Dr. S. Rabinder Boaz, M.S.
Er. C.G.S. Babu Rao, B.Tech., M.Tech (DM)
Aud. K. Puratchivendan, M.Com., B.L.

PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 95661 31858
E.mail : sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites :
www.echoofhiscall.org
www.echoofhiscall.com

तपाईंलाई थाहै छ । हाम्रो स्वास्थ्य, मिसन क्षेत्र, प्रशासन, आर्थिक अवस्था, आदिका क्षेत्रहरूमा हामीले ठूलो शैतानिक चुनौतिहरू र धम्कीहरूको सामना गरिरहेका छौं । साँचो सङ्घर्षहरू परमेश्वरको आत्माले तपाईंलाई प्रकट गर्नुभएको होस्, जुन हामीले अनुभव गरिरहेका छौं । हामीलाई वास्तवमै तपाईंको सहयोगी हातहरू र प्रार्थनाको आवश्यकता छ । तपाईंबाट सुन्ने आशा गरिरहेको छु । कृपया हामीलाई लेख्नुहोस् वा फोन गर्नुहोस् । हाम्रो हीतको बारेमा संसारमा कसैले चासो पनि लिएको छ भनेर हामीले थाहा गर्छौं भने हामीले सान्त्वना पाउनेछौं किनकि हामी परमप्रभु परमेश्वर येशू ख्रीष्टमा तपाईंलाई अत्यन्तै प्रेम गर्छौं ।

अन्त्यमा, ५ वर्षदेखि हाम्रो पत्रिका **बोलावटको प्रतिध्वनि** पढिरहनुभएका हाम्रा अधिकाङ्श मित्रहरू बुढा भइरहेका छन् र ती पढ्न र हामीलाई सहायता गर्न सकेका छैनन् । त्यसैले, हाम्रा अधिकाङ्श पत्रिकाहरू पोस्ट बाकसमा फर्केर आएका छन् । अर्को पुस्तामा सुसमाचारलाई अगाडि पठाउनको निम्ति हामीले नयाँ स्रोतहरू प्राप्त गर्नुपरेको छ । हामीलाई नयाँ पाठकहरूको ठेगानाहरूको आवश्यकता भएको छ । त्यसैले, तपाईंले केही समय लिन र यो अङ्कको अन्तिम खालि भागमा तपाईंबाट टाढा बस्ने तपाईंका प्रियहरू र परिवारका सदस्यहरूका नामहरू र ठेगानाहरू लेख्नुहोस् (सम्भव भएसम्म उनीहरूका इमेल खाता र फोन नम्बरसहित) र हामीलाई पोस्ट वा इमेल वा ह्वाटस्एपबाट पठाउनुहोस् । हरेक महिना नि:शुल्क ती ठेगानाहरूमा कुनै पनि भाषामा बोलावटको प्रतिध्वनि पठाउन हामी अत्यन्तै खुसी हुनेछौं । यसको निम्ति तपाईंले हामीलाई कुनै पनि पैसा पठाउनुपर्दैन । ठाउँ पर्याप्त छैन भने कृपया अतिरिक्त कागज प्रयोग गर्नुहोस् र परमेश्वरको यो सेवकाइको भाग बन्नुहोस् ।

परमेश्वरले तपाईंलाई आशिष् देऊन् ।


येशू ख्रीष्टमा तपाईंको सेवक

एस. साम सेल्भाराज

९८४१२ ७१८५८ / ९८४१० ७१८५८

इमेल: sam@echoofhiscall.org


---

पृष्ठ १ बाट

वचन कहिल्यै पनि भूईंमा खस्नेछैनन् । उहाँका वचनद्वारा आशिष् पाउनको निम्ति तपाईं बिहान सबेरै उठ्नुपर्छ र उहाँलाई प्रार्थना गर्नुपर्छ, पवित्र बाइबल पढ्नुपर्छ र त्यो दिनको निम्ति उहाँको वचन प्राप्त गर्न धैर्यताका साथ पर्खनुपर्छ । यो बानी एक वा दुई दिन अभ्यास गरेर हुँदैन तर तपाईंको पूरै जीवनको निम्ति ।

"परमप्रभु शीलोमा देखा पर्दैरहनुभयो र त्यहाँ उहाँले आफ्नो वचनद्वारा आफूलाई शमूएलकहाँ प्रकट गर्नुभयो । अनि शमूएलको वचन इस्राएलभरि नै आयो" (१ शमूएल ३:२१, ४:१) ।

परमेश्वरको कुनै पनि वचन भूईंमा खसेको थिएन भनेर बाइबलले भन्दछ (१ शमूएल ३:१९) । त्यसको निम्ति त्यहाँ धेरै कारणहरू छन् । जब प्रभु येशू ख्रीष्टले कुनै व्यक्तिलाई आफ्नो हातमा लिनुहुन्छ र उसलाई प्रयोग गर्न सुरु गर्नुहुन्छ, त्यो अस्थायी क्षणको निम्ति हुँदैन, त्यो सदाको निम्ति हुन्छ । तपाईंलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, जसले त्यो पनि गर्नुहुनेछ (१ थेसलोनिकी ५:२४) । २ कोरिन्थी ६:४ मा हामीले पढ्छौं, "परमप्रभु इस्राएलका परमेश्वरलाई प्रशंसा होस्, जसले आफ्नै मुखले बोल्नुभएको प्रतिज्ञा आफ्ना हातले पूरा गर्नुभएको छ ।" यशैया ४६:४ मा उहाँले प्रतिज्ञा गर्नुहुन्छ, "तिमीहरूको बुढेसकालसम्म र कपाल फुलेको अवस्थासम्म म त्यही हुँ, म त्यही हुँ, जसले तँलाई थाम्नेछ । मैले तँलाई बनाएको हुँ र म तँलाई बोकेर हिँड्नेछु र तँलाई बचाउनेछु र छुटाउनेछु ।" त्यसैले, चिन्ता नगर्नुहोस् । तपाईंको अवस्था नराम्रो भएर गए पनि प्रभु येशू ख्रीष्टले त्यसलाई सही बनाउनुहुनेछ ।

परमेश्वरको जन शमूएलको जीवनको सुरुवातदेखि उनको जीवनको अन्त्यसम्मै परमप्रभु परमेश्वरको शक्तिशाली कामहरू साँचो प्रमाणित भएको थियो । त्यसै गरी, उहाँले महान् कार्यहरू गर्नुहुनेछ र उहाँका सबै प्रतिज्ञाहरू तपाईंको जीवनमा पनि पूरा गर्नुहुनेछ ।

## सबैभन्दा पहिले शमूएलको बाल्यकाल

"तब एल्काना रामामा आफ्नो घरमा फर्के तर त्यो बालकचाहिँ पूजाहारी एलीको अधीनमा परमप्रभुको सेवा गर्नलाई त्यहीँ नै बस्यो । एलीका छोराहरू दुष्ट थिए, परमप्रभुको निम्ति तिनीहरूमा श्रद्धा थिएन" (१ शमूएल २:११,१२) । "ती जवान मानिसहरूको पाप परमप्रभुको दृष्टिमा साह्रै बढ्ता भयो किनभने तिनीहरूले परमप्रभुको बलिदानलाई अवहेलना गरे । तर बालक शमूएल मलमलको एपोद लगाएर परमप्रभुको सेवामा निरन्तर लागिरहे" (१ शमूएल २:१७,१८) ।

एलीका छोराहरू होप्नी र पीनहास धेरै पापमय क्रियाकलापहरूमा संलग्न थिए भनेर बाइबलले बताउँछ (१ शमूएल २:१३-१७, २४) । एलीले तिनीहरूलाई इस्राएलमा त्यस्तो दुष्ट कामहरू नगर्न सल्लाह दिए पनि तिनीहरूले त्यो सुनेका थिएनन् । एलीले तिनीहरूलाई भने, "होइन, मेरा छोरा हो, जे म सुन्दैछु, परमप्रभुका मानिसहरूका बीचमा फैलिएको यस्तो कुरा असल छैन ।



मानिसले मानिसको विरुद्धमा पाप गर्‍यो भने परमेश्वरले हस्तक्षेप गर्नुहोला । तर मानिसले परमेश्वरको विरुद्धमा पाप गर्‍यो भनेर त्यसको पक्षमा कसले बोलिदिने... ?" (१ शमूएल २:२४,२५) ।

यस्तो अवस्थाको अधीनमा शमूएल सानो केटोले परमप्रभुको सेवा गरिरहेका थिए । एउटा सानो बच्चाले परमप्रभुको सेवा कसरी गर्न सक्छ ?

शमूएलको अभिभावकले उनलाई पूजाहारी एलीको अघि मन्दिरमा छोडेर गएका थिए । परमप्रभुको सेवा गरिरहँदा एलीले गरिरहेका केटोले हरेक थोक सावधानीपूर्वक अवलोकन गर्न सुरु गरेको थियो । जब एली प्रार्थना गरिरहेका हुन्थे, केटो शमूएल त्यहाँ घुँडा टेक्थ्यो, आफ्नो सानो गोडालाई खुम्च्याउँथ्यो । उसले आफ्नो आँखा बन्द गर्थ्यो र आफ्नो भाषामा परमप्रभुलाई प्रशंसा गर्थ्यो र परमप्रभु परमेश्वरलाई धन्यवाद दिन्थ्यो !!! जब एलीले आफ्नो आँखा खोल्थ्यो, शमूएलले पनि प्रार्थना गरिरहेको एलीले देख्थे । त्यसैले, एलीले आफ्नो प्रेमिलो हातले शमूएललाई धाप दिन्थे । त्यसो समयमा एलीले बच्चा शमूएललाई आशिष् दिएको हुनुपर्छ ।

शमूएलकी आमाले उनलाई सानो कुर्ता

बनाउने गर्थिन् र हरेक वर्ष उनलाई त्यो दिन्थिन् भनेर पवित्रशास्त्र बाइबलले भन्दछ। शमूएलले मलमलको एपोद लगाएर परमप्रभुको अघि सेवा गरिरहेका थिए (१ शमूएल २:१८,१९)। जब प्रधानपूजाहारी महापवित्रस्थानमा प्रवेश गर्थे, तब उसले प्राय: एपोलद लगाउने गर्थे।

जब शमूएल सानै केटो थिए, उनको आमा हन्नाहले आफ्नो छोराको निम्ति पूजाहारीको पोशाकजस्तै लुगा सिएकी हुनुपर्छ। मलाई याद छ, मेरी आमाले मेरो पास्टरले लगाउनुभएको लुगाजस्तै लुगा मेरो निम्ति बनाइदिनुहुन्थ्यो ! त्यो लुगामा मलाई हेरेर उहाँ अत्यन्तै खुसी बन्नुहुन्थ्यो। मेरो मण्डलीभित्र त्यो लुगा मा म हिँडिरहेको धेरै मानिसहरूले देखेका थिए। धेरै मानिसहरूका अघि म पूजाहारीले झैं प्रचार गरिरहेको गरेर खेलिरहेको धेरैले देखेका थिए। त्यसैले, भविष्यमा म परमेश्वरको असल सेवक बन्नेछु भनेर उनीहरूले टिप्पणी गर्थे।

आजका अभिभावकहरूलाई हेर्नुहोस् ! बच्चा केटा होस् वा केटी उनीहरूले आफ्ना छोराछोरीको निम्ति अत्यन्तै आधुनिक लुगाहरू किन्छन् ताकि तिनीहरू सिनेमाका कलाकारहरू वा जोकरजस्तो देखिऊन् ! अभिभावकहरूले आफ्ना छोराछोरीलाई सांसारिक शैलीको जीवनमा अगुवाइ गर्छन्। बालबालिकाहरूले आफ्नो कपालको शैली नराम्रो तरिकामा राख्तछन् र अत्यन्तै सानो उमेरमा शरीरको बासनामा फँस्छन्। "रात बितिसक्यो र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारका काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौं। दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं। मोजमज्जामा, वियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगडामा र डाहमा होइन। तर प्रभु येशू ख्रीष्टलाई धारण गर र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ" (रोमी १३:१२-१४)।

## एउटा अनुभव !

एक पटक जब मैले एउटा विशेष स्थानमा सेवकाइ गर्न गएको थिएँ, मैले एक जना परमेश्वरका दास र उहाँको परिवारलाई भेट्ने मौका पाएँ। जब म त्यो परमेश्वरको दाससँग कुराकानी गरिरहेको थिएँ, उक्त जना व्यक्ति छोरी मानिसजस्तै गरी कानमा केही टप र सिक्री लगाएर हामीबाट अगाडि गयो। मैले उहाँलाई सोधें कि उहाँको छोरी कति कक्षामा अध्ययन गरिरहेकी छिन्। उहाँले भन्नुभयो कि त्यो उहाँको छोरी होइन तर उहाँको छोरा हो ! उनको सहरमा एउटा ख्रीष्टियान जवान संगति थियो भनेर उहाँले मलाई बताउनुभयो। त्यो संगतिमा भएका सबै पुरुषहरू स्त्रीले जस्तै लुगा लगाउने र केटीजस्तै देखिने गर्छन् ! जब हामी कुराकानी गरिरहेका थियौं, मैले अर्को युवकलाई प्रवेश गरेको देखें। मैले उहाँलाई सोधें, "त्यो केटो को हो ?" उहाँले निरास भएर जवाफ दिनुभयो, "यो मेरो छोरो होइन तर मेरो छोरी हो।" दियाबलसले आफ्नो पञ्जा धेरै ख्रीष्टियान परिवारहरूमाथि बलियो गरी फैलाइरहेको र तिनीहरूलाई नरकतिर डोऱ्याइरहेको छ।

"किनकि तिमीहरूलाई थाहा छ, हामीले प्रभु येशूद्वारा कुन-कुन आदेशहरू तिमीहरूलाई दियौं। किनकि परमेश्वरको इच्छा जो तिमीहरूको पवित्रकरण पनि हो, सो यो हो कि तिमीहरू व्यभिचारबाट अलग बस। पवित्रता र आदरसाथ आफ्नो निम्ति पत्नी लिनू।, सो तिमीहरू प्रत्येकले जान तर परमेश्वरलाई नचिन्ने अविश्वासहीहरूजस्तै कामुकताको कुवासनामा नबस। यस विषयमा कसैले अपराध गरेर आफ्नो भाइलाई खराबी नगरोस् किनकि यस्ता सबै कुरामा बदला लिनुहुने प्रभु नै हुनुहुन्छ। हामीले तिमीहरूलाई अगाडि नै यस बारे गम्भीर चेताउनी दिएका छौं। किनकि परमेश्वरले हामीलाई अशुद्धताको निम्ति होइन तर पवित्रतामा बोलाउनुभएको छ। यसैकारण, जसले यस कुराको अवहेलना गर्छ, त्यसले मानिसको होइन तर परमेश्वरको अवहेलना गर्छ, जुन परमेश्वरले तिमीहरूलाई आफ्नो पवित्र आत्मा दिनुहुन्छ" (१ थेसलोनिकी ४:२-८)।

शमूएलको जीवनको यात्रामा परमेश्वरका कुनै पनि वचन भूईंमा खसेन। प्रिय अभिभावकहरू, तपाईंले आफ्ना छोराछोरीलाई कसरी हुर्काउनुभएको छ ?

## दोस्रो, शमूएलको युवावस्था



"ती जवान मानिसहरूको पाप परमप्रभुको दृष्टिमा साह्रै बढ्ता भयो..."

"अनि बालक शमूएल कदमा तथा परमप्रभु र मानिसहरूका निगाहमा बढ्दैगए" (१ शमूएल २:१७,२६)।

एलीका छोराहरू पूर्णरूपमा पापमा जिएका थिए। तर अर्कोतिर, जवान केटो शमूएलले दुवै परमेश्वर र मानिसको निगाह प्राप्त गरेको हामीले देख्छौं। परमेश्वरले यी दुवै मानिसहरूलाई हेर्नुहुन्छ। उहाँले कसलाई आशिष् दिनुहुनेछ ? उहाँले कसलाई उचाल्नुहुनेछ ? उहाँले कसलाई विश्वास गर्नुहुन्छ ?

जब म जवान थिएँ, मेरा अभिभावकहरूले **पास्टर एस. देभादासनको** ("उहाँको आगमनको सन्देशवाहक भारत" का भूतपूर्व सम्पादक) साथमा मलाई भरोसा गर्नुभयो। मैले

## प्रेमिलो अनुरोध

तपाईं सबैलाई थाहै छ, कर्मचारीको तलब, कागज खरिदको खर्च र यात्रा खर्चजस्ता विभिन्न आवश्यकताहरू पूरा गर्न हामीलाई निकै कठिन भएको छ। सामान्यतया: हामीले आफ्ना आर्थिक आवश्यकताहरू पूरा गर्न अरूलाई कहिल्यै भन्दैनौं। तर यो सेवकाइलाई साँचो रूपमा प्रेम गर्ने व्यक्तिहरूलाई आफ्ना भेटीहरू, **मनी अर्डर, चेक वा डिमान्ड ड्राफ्ट, फोनपे, निफ्ट, पेपाल, फोनपे, जीपे (९८४१० ७९८५८)** वा अन्य कुनै तरिकाहरूबाट पठाउन र यो सेवकाइमा हामीलाई सहायता गर्न आग्रह गर्दछौं। जब तपाईंले भेटी पठाउनुहुन्छ, कृपया एसएमएस, ह्वाट्सएप वा फोनबाट हामीलाई जानकारी दिनुहोस्। हामीलाई सहायता गरिरहनुभएका सबैप्रति हामी धन्यवादी छौं। परमप्रभुले निश्चय नै तपाईंलाई आशिष् दिनुहुनेछ।

**-सम्पादक, बोलावटको प्रतिध्वनि**

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

## बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)

## प्रार्थनाको अनुरोध

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

### प्रशंसाका निम्ति बुँदाहरू

मई १९: हाम्रो **बोलावटको प्रतिध्वनि** सेवकाइहरूका निम्ति परमेश्वरलाई प्रशंसा देऔं ।

मई २०: मुख्य मण्डलीमा भएका हाम्रा अग्रज सदस्यहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २१: मुख्य मण्डलीका सम्पूर्ण पुरुष र महिला सदस्यहरूले आशिष् पाएका छन् ।

मई २२: हाम्रो **बोलावटको प्रतिध्वनि** पत्रिका हाम्रो सुसमाचारीय छापाखानामा १७ वटा भाषामा छापिएर विभिन्न मिसन क्षेत्रहरूमा पठाइएको छ ।

मई २३: हाम्रो प्रार्थनाका साझेदारहरू, ग्राहक साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उनीहरूका परिवारहरूका निम्ति परमेश्वरको प्रशंसा गरौं ।

मई २४: हाम्रा मण्डलीका पास्टरहरू र अधिकारीहरूका निम्ति परमप्रभुलाई प्रशंसा गरौं ।

मई २५: सुसमाचार नपुगेका क्षेत्रहरूमा सुसमाचार फैलाउन हामीलाई आशिष् दिनुभएको निम्ति परमप्रभुको प्रशंसा गरौं ।

मई २६: बिहान ८:०० बजेदेखि राति ८:०० बजेसम्म हाम्रो मुख्य मण्डलीको सेवाको निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २७: बालाजी नगर, सान्थोसापुरम र भेलाचेरीमा हुने आइतवारको संगतिहरूका निम्ति परमेश्वरलाई प्रशंसा गरौं ।

मई २८: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन** स्कुल र प्रभावकारी कर्मचारी सदस्यहरूको साथमा त्यसको कार्यहरूका निम्ति प्रशंसा ।

मई २९: हाम्रा सहयोगीहरूका निम्ति परमप्रभुलाई प्रशंसा गरौं ।

मई ३०: गएको महिना हरेक सेवकाइका कार्यहरू भएको निम्ति परमप्रभुलाई प्रशंसा गरौं ।

मई ३१: हाम्रा प्रान्तीय संयोजकहरू र उनीहरूका परिवारहरूका निम्ति ।

जून १: हाम्रो मण्डलीहरूका नयाँ विश्वासीहरू र पुराना विश्वासीहरूका निम्ति ।

जून २: हाम्रा मिसनरीहरू र उनीहरूका परिवारहरूको सुरक्षाको निम्ति प्रशंसा गरौं ।

जून ३: परमप्रभु हाम्रो परमेश्वरले हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै दुष्ट शक्तिहरूबाट सुरक्षा गरिरहनुभएको छ ।

### प्रार्थनाको निम्ति बुँदाहरू

जून ४: सारा संसारभरि शान्तिको निम्ति प्रार्थना गरौं ।

जून ५: यो महिनाको सेवकाइका कार्यहरू र त्यसबाट असल परिणामहरूका निम्ति ।

जून ६: हाम्रो **बोलावटको प्रतिध्वनिका सेवकाइहरूको** फैलावटको निम्ति प्रार्थना गरौं ।

जून ७: देशहरूका मानिसहरूका बीचमा सुरक्षा र एकताको निम्ति ।

जून ८: हाम्रो **बाइबलकोर** र **ईश्वरशास्त्री पत्राचारको कोर्सको** निम्ति प्रार्थना गरौं ।

जून ९: हाम्रो **नहेम्याह बाइबल कलेजहरू जून १, २०२१** बट पुन:संचालनको निम्ति प्रार्थना गरौं ।

जून १०: हाम्रा मण्डलीका सबै सदस्यहरूका निम्ति प्रार्थना गरौं, जो हाम्रो बारेमा अत्यन्तै चासो राख्छन् ।

जून ११: कोभिड-१९ बाट अत्यन्तै नराम्ररी प्रभावित भएका मानिसहरूका निम्ति प्रार्थना गरौं ।

जून १२: प्रार्थनामा हाम्रा सेवकाइहरूलाई उचाल्ने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरूका निम्ति प्रार्थना गरौं ।

जून १३: संसारका राष्ट्रपतिहरू, प्रधानमन्त्रीहरू र सरकारका सबै अधिकारीहरूका निम्ति प्रार्थना गरौं ।

जून १४: हाम्रा सहसम्पादकहरू रेभ. शशी तिवारी र रेभ. रामाकृष्णाको चङ्गाइको निम्ति प्रार्थना गरौं ।

जून १५: हाम्रा अङ्ग्रेजी भाषाका सहसम्पादक भाइ एम. पावलराजको पूर्ण चङ्गाइको निम्ति प्रार्थना गरौं ।

जून १६: बिरामी हुनुभएका हाम्रा मनिपुरी भाषाका सहसम्पादक रेभ. डा. ऋषिकान्ता सोरोखाइबालको निम्ति प्रार्थना गरौं ।

जून १७: संसारबाट कोरोना भाइरसको उन्मूलनको निम्ति प्रार्थना गरौं ।

जून १८: हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति प्रार्थना गरौं ।

पृष्ठ ४ बाट

परमेश्वरको जनको सेवा गर्ने अवसर पाएको थिएँ । उहाँको निम्ति म सत्य थिएँ । उहाँ सिद्ध हुनुहुन्थ्यो, जसले हरेक थोक सिद्ध रूपमा गर्नुभयो र उहाँ सधैं समयमा उपस्थित हुनुहुन्थ्यो । मैले उहाँलाई हरेक तरिकामा प्रसन्न पार्नुपर्छ र मैले उहाँलाई निरासा पार्ने कुनै पनि कार्य कहिल्यै गर्नुहुँदैन भन्ने कुरा मनमा सधैं राखेर मेरा सेवाहरू मैले प्रदान गरिरहन्थें ।



मेरो पास्टर घण्टौं आफ्नो घुँडा टेकेर संसारभरिका मानिसहरूका निम्ति प्रार्थना गरिरहनुहुन्थ्यो । उहाँको त्यो काम देखेर मैले पनि उहाँजस्तै प्रार्थन गर्न सिकें । घण्टौंसम्म परमेश्वरको वचन पढ्न र घुँडा टेकेर पदहरूमा मनन गर्न पनि सिकें । अरू धेरै कुराहरू सम्हाल्न मैले उहाँबाट सिकें– परमेश्वर आफैंबाट परमेश्वरको सन्देश प्राप्त गर्न, परमेश्वरको वचनअनुसार हिँड्न, विचारहरू लेख्न र त्यसलाई प्रकाशन गर्न, परमेश्वरको वचन प्रचार गर्न, सबै आम्दानीको दशांश अलग गर्न र परमेश्वरलाई दशांश दिन, विशेष भेटीबाट अन्य सेवकाइहरूलाई सहायता गर्न, मलाई भेट्न आएका कुनै पनि परमेश्वरका सेवकलाई प्रेमले भरिएर उपहार दिन, सफल लुगा लगाउन, आदि । मैले यस्ता सबै असल कुराहरू उहाँबाट सिकें र मैले मेरो परमेश्वर, पास्टर र उहाँको ठूलो परिवारका सदस्यलाई प्रसन्न बनाएँ, जसमा उहाँका पत्नी, छोराहरू, डा. डि.टी. राजाह, डा. डि.एस. स्परजन, भाइ थियोडोर, भाइ विश्ले देभादासन, छोरीहरू र नातिनातिनाहरू थिए । उनीहरूले पनि मलाई धेरै प्रेम गरे । पछिका दिनहरूमा परमेश्वरले मलाई धेरैभन्दा धेरै आशिष् दिएर इनाम दिनुभयो ।

"आहा ! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु ! दिनभरि म तिनैमाथि मनन गर्दछु । तपाईंका आज्ञारू सदाकाल मसँग छन् र तिनले मेरा शत्रुहरूभन्दा मलाई बुद्धिमान तुल्याउँछन् । मेरा सबै शिक्षकहरूभन्दा मेरो अन्तर्ज्ञान ज्यादा छ किनकि म तपाईंको कानुनहरूमाथि मनन गर्दछु । धर्मगुरुहरूको भन्दा मेरो समझ अझ बढी छ किनभने म तपाईंका आदेशहरू पालन गर्दछु" (भजनसंग्रह ११९:९७-१००) । परमेश्वरले मेरो जीवनमा बोल्नुभएका हरेक कुरा भूईंमा खसेको थिएन । उहाँले मलाई बचाउनुभयो । उहाँले मेरा आवश्यकताहरू पूरा गर्नुभयो । आमेन ।

प्रिय युवायुवतीहरू, अहिले सांसारिक जीवन जिउँदै गर्दा के तपाईंसँग माथि उल्लेख गरिएका अनुभवहरू छन् ? तपाईंले कसरी लुगा लगाउनुभएको छ ? के तपाईंले अरूलाई आकर्षित गर्न लुगा लगाउनुहुन्छ ? के तपाईंको कपालको शैली अरूलाई आकर्षित गर्नको निम्ति हो ? आफैंलाई विचार गर्नुहोस् ! "परमेश्वरमा ठट्टा हुँदैन" (गलाती ६:७) ।

आजका केही युवायुवतीलाई हेर्नुहोस्, जसले आफैंलाई परमेश्वरको सेवकको रूपमा घमण्ड गर्छन् । तिनीहरूले लगाएका लुगाहरू, कपालका शैली, जुँगा र दाह्री हेर्नुहोस् । तिनीहरूका सांसारिक तर गलत लुगाका शैलीबाट तिनीहरूले अरूलाई आकर्षित गर्न सक्छन् भनेर तिनीहरूले सोच्छन् । तिनीहरूले आफूले जस्तै लुगा लगाउने केही युवायुवतीलाई आकर्षित गर्न त सक्छन् तर यस्ता अत्याधुनिक सेवकाइहरूबाट तिनीहरूले कहिल्यै पनि परमेश्वरलाई प्रसन्न पार्न, पापमा जिइरहका एउटै व्यक्तिलाई पनि त्यसमा सहायता गर्न र छुटकारामा पुर्‍याउन सक्दैनन् । सावधान हुनुहोस् ! शमूएलको युवावस्थामा उनको नम्रता र विश्वासले दुवै परमेश्वर र मानिसलाई प्रसन्न तुल्याएको थियो, उनको निम्ति बोलिएको परमेश्वरको कुनै पनि वचन खेर गएन ।

परमेश्वरका प्रियहरू, के तपाईंसँग यस्तै अनुभव छ ? परमेश्वरले आफ्नो सेवकाइको निम्ति बोलाउनुभएका केही युवाहरूले आफ्नो सुरुका अवस्थामा अत्यन्तै राम्रो काम गर्छन् । तर तिनीहरू लामो समयसम्म त्यस्तो रहँदैनन् । तिनीहरूले विवाह गरेपछि धेरै जना पूर्णरूपमा परिवर्तन भएका छन् । तिनीहरूले आफ्नो लुगा लगाउने शैली परिवर्तन गरेका छन् र तिनीहरूले विश्वास गर्ने सिद्धान्तहरू पनि परिवर्तन गरेका छन् । तिनीहरूले एक दिन परमेश्वरबाट पाएका बोलावट विर्सेका छन्, आफ्नो आत्मिक मापदण्ड गुमाएका छन् र मर्मत गर्नेभन्दा पनि अझ धेरै चूर्ण भएका छन् । हामी समाजमा धेरै उच्च स्थानमा उचालिएका हुन सक्छौं । तर हामीले प्रेरितीय शिक्षा पछ्याउन र सुरुका प्रेरितहरू र प्राचीन शुद्ध शिक्षाहरू आधुनिक पुस्तालाई व्याख्या गर्न् र सिकाउनुपर्छ । योचाहिँ समयको आवश्यकता हो । यी शिक्षाहरूमा बाँधिएका परमेश्वरका सेवकहरूले लामो समयसम्म परमेश्वरको सेवा गर्न सक्छन् र आशिषित जीवन बिताउँछन् । यस्ता मानिसहरूका निम्ति विजय निश्चय छ । हाम्रो परमप्रभु परमेश्वरलाई पनि यस्तै व्यक्तिहरूको आवश्यकता छ !

**तेस्रो, शमूएल हुर्किए र परमप्रभु तिनीसँग हुनुहुन्थ्यो... (१ शमूएल ३:१९) ।**

परमेश्वरलाई प्रशंसा होस् ! अब शमूएल वयस्क भएका छन् । अहिले पनि परमप्रभु परमेश्वर तिनीसँग हुनुहुन्थ्यो । बाल्यकाल र जवान अवस्था वयस्कअवस्थाभन्दा अलग हुन्छ । जब तपाईं बच्चा वा जवान हुनुहुन्थ्यो, तपाईंले आफ्नो अभिभावकहरू र समाजबाट सहायता पाउनुहुन्थ्यो । जब तपाईं वयस्क बन्नुहुन्छ, तपाईंलाई धेरैभन्दा धेरै परमेश्वरको निगाह आवश्यक हुन्छ । तपाईंले आफैंलाई विभिन्न अवस्थाहरूमा पाउन सक्नुहुन्छ, जस्तैः विवाह, बालबालिका, आर्थिक अवस्था, सामाजिक जीवन, रोग र पारिवारिक समस्याहरू । यस्ता अवस्थाहरूमा तपाईंलाई परमेश्वरको सहायताको आवश्यकता हुन्छ । ईश्वरीय कृपाबिना हामी एक्लै खडा हुन सक्दैनौं र विजयी जीवन जिउन सक्दैनौं । सुरक्षा र निर्देशनजस्तो परमेश्वरको सहायता निश्चय नै आवश्यक हुनेछ ।

सेवकाइमा पूर्णकालीन रूपमा आउनुअभि जब म सरकारी विभागमा काम गर्थें, मेरो कार्यालयमा मसँग साथीहरू थिए । मेरो खाजा खाने समयमा म सुसमाचारका पर्चाहरू वितरण गर्थें र प्रचार गर्थें । म अलग जीवन जिउँथें । यस्ता कुराहरूमा मेरो संलग्नता देखेर मेरा साथीहरूले मलाई गिज्याउँथे र मेरो उच्च अधिकारीहरूलाई मेरो बारेमा गुनासो गर्थे । यसले मलाई मानसिक तनाव दिन्थ्यो । म उहाँहरूको निम्ति प्रार्थना गर्थें । जब मैले

उहाँलाई केही वर्षपछि भेटें, उहाँको लुगा लगाउने शैली र व्यवहार पूर्णरूपमा परिवर्तन भएको देखेर म छक्क परें । उहाँको सर्टमा "येशू जिउँदो हुनुहुन्छ" भन्ने व्याचलाई मैले ध्यान दिएँ र उहाँको हातमा पवित्र बाइबल थियो । उहाँ अत्यन्तै भिन्दै मानिसको रूपमा देखिनुहुन्थ्यो !

मैले उहाँलाई आश्चर्यमा पर्दै सोधें, "प्रिय मित्र, तपाईंलाई के भयो ? तपाईं मभन्दा अत्यन्तै तीब्र देखिनुहुन्छ ।" उहाँजले जवाफ दिनुभयो, "भाइ साम, मैले विवाह गरें, मसँग राम्रो जागिर थिएन । मेरो घरमा शान्ति थिएन । हामीलाई पैसाको कमी थियो । हाम्रो छोराछोरी थिएन । हरेक जनाले मलाई गिज्याउन सुरु गरे । केही तरिकामा छुटकारा पाउनको निम्ति ममा बाध्यता थियो । तर मेरो जीवनमा भएको असहायपना, अनिँदोमा र श्रापबाट मलाई बचाउन कोही पनि आएनन् । मलाई सर्वोच्च परमेश्वरको सहायताको आवश्यकता थियो, जसले वास्तवमै मेरा समस्याहरू समाधान गर्न सक्नुहुन्थ्यो ।"

"त्यस्तो अवस्थामा, मेरो छिमेकीले जहिल्यै पनि आफ्नो लाउड स्पिकरबाट येशू खीष्ट र उहाँको शक्तिद्वारा भन्दै गीत गाउने र चिच्याउने गर्थ्यो । के गर्ने भनेर मलाई थाहा थिएन । एक दिन मलाई कसैले पनि ध्यान नदिएको समयमा म प्रार्थनाको समयमा सानो मण्डलीमा प्रवेश गरें र एउटा कुनामा बसें । त्यो पास्टरले मलाई चिन्नुहुन्नथ्यो, नता त्यहाँ भएका कोहीले मेरा आवश्यकता र मेरो चूर्णतासँग परिचित नै थियो ।"

तर उनले मत्ती ११:२८ को बाइबलको पदलाई व्याख्या गर्नुभयो, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु ।" यी हरेक शब्दहरूले मेरो हृदयलाई छेडेको थियो र अलग्गै प्रकारको थर्थराहट उत्पन्न गरेको थियो । मेरो ज्ञान र विश्वासभन्दा बाहिर मैले अलौकिक प्राकृतिक ईश्वरीय छुवाइमा मैले आनन्द गर्न सकेको थिएँ ।

त्यो दिन मैले थाहा पाएँ कि परमेश्वर हुनुहुन्थ्यो र उहाँको नाम येशू खीष्ट हो । कस्तो अचम्मको अनुभव ! त्यही दिन मैले प्रभु परमेश्वर येशू खीष्टको सामु मेरो मुखद्वारा मेरा सारा पाप स्वीकार गरें, क्षमा प्राप्त गरें र मसँग परिवर्तन भएको हृदय छ, भाइ साम ! मैले मुक्तिको अनुभव गरेको थिएँ र मेरो परिवार पनि बचाइएको छ । अब हामी सबै जनाले परमेश्वरको पवित्र आत्माद्वारा अगुवाइ पाएका छौं । मेरा मुक्तिदाता येशू खीष्टले मेरा सबै चूर्णता हटाउनुभयो र मेरा सबै आवश्यकता पूरा गर्नुहुन्छ ।"

प्रिय पाठकहरू, आज तपाईंलाई मुक्तिदाताको खाँचो छ ! तपाईंलाई परमेश्वरको खाँचो छ !! खीष्टियानहरूको शिक्षाको बारेमा गलत कुरा भन्ने मानिसहरूसँग नरहनुहोस् वा तिनीहरूका कुरा नसुन्नुहोस् !!! सबैभन्दा शक्तिशाली सृष्टिकर्ता र परमेश्वर भन्नुहुन्छ, "मूर्खले आफ्नो हृदयमा भन्दछ, परमेश्वर छैन" (भजनसंग्रह ५३:१) । अनि "... क्रूसको सन्देश नष्ट भइरहेकाहरूका निम्ति मूर्खता हो..." (१ कोरिन्थी १:१८) । तपाईं सफल हुनको निम्ति जन्मनुभएको हो । "उठ, प्रकाशमान् हो किनकि तेरो प्रकाश आएको छ र परमप्रभुको महिमा तँमाथि उदाएको छ" (यशैया ६०:१) !

शमूएल हुर्कंदा परमेश्वर सधैं तिनको साथमा हुनुभयो । त्यसैले परमेश्वरले तिनलाई जे कुरा बताउनुभएको थियो, त्यो कहिल्यै व्यर्थ भएन । प्रिय मित्रहरू, तपाईं पनि बच्चा, युवा, वयस्क वा बुढो हुँदै गइरहनुभएको हुन सक्छ । तर परमेश्वरको शक्ति कहिल्यै कम भएको छैन ! अहिले नै उहाँकहाँ आउनुहोस् । विजय निश्चय नै छ !!

## चौथो, शमूएल, बुढो मानिस

"दानदेखि बेर्शेबासम्मका सारा इस्राएलले शमूएल परमप्रभुका अगमवक्ता भएछन् भनी मान्यता दिए" (१ शमूएल ३:२०) ।

"तिमीहरूलाई बोलाउनुहुने विश्वासयोग्य हुनुहुन्छ, उहाँले यो गर्नु नै हुनेछ" (१ थेसलोनिकी ५:२४) ।

**अब शमूएल सारा इस्राएलभरि अगमवक्ता र न्यायकर्ता थिए । तिनलाई अगमवक्ता हुनको निम्ति परमेश्वरले बोलावट दिनुभएको थियो (१ शमूएल ३:२०) । साथै पछि शमूएल रामामा बसोबास गरे र मिस्पा, गिलगाल र बेथेलमा न्यायकर्ताको भूमिका निर्वाह गरे । तिनी अगमवक्ताका साथै न्यायकर्ता पनि थिए ।** तिनका दुवै छोराहरूले तिनलाई वृद्धावस्थामा सहायता गरिरहेका थिए । शमूएल कस्तो अचम्मको र आशिषित मानिस थिए !

त्यसपछि इस्राएलका मानिसहरूले आफूमाथि शासन गर्न राजाको माग गरे । त्यसैले परमेश्वरको आदेशअनुसार न्यायकर्ताको रूपमा तिनले शाऊललाई राजाको रूपमा अभिषेक गरे । **तिनले आफ्नो जीवनको अन्त्यसम्मै अगमवक्ता र न्यायकर्ताको रूपमा काम गरे ।** म व्यक्तिगत रूपमा शमूएललाई अत्यन्तै सम्मान गर्छु ।

## एउटा अनुभव !

जब म सरकारको निम्ति काम गरिरहेको थिएँ, कार्यालय संचालनको निम्ति एउटा नयाँ भवन निर्माण भएको थियो । जब निर्माण कार्य पूरा भयो, कार्यालय त्यहाँ सर्नुअघि कर्मचारी सदस्यहरूले मूर्तिहरूलाई 'यागाम' पूजा संचालन गर्न चाहेका थिए । तर खीष्टियान नै नभएका सबैभन्दा ठूलो हाकिमले त्यहाँ मेरो प्रार्थना गर्न निर्देशित गर्नुभयो र मेरो कार्यालय सबैभन्दा माथिल्लो तल्लामा सार्न आदेश दिनुभयो र सांसारिक प्रार्थना संचालन गर्न पूजाहारीलाई निम्त्याउनमा हाम्रो र अन्यको

The details of our Bank Accounts are given below. Please inform us the details of your remittance.

| Bank | Branch | Name | IFSC Code No. | Account Number |
|---|---|---|---|---|
| 1. STATE BANK OF INDIA | Triplicane, Chennai -5 | S. Sam Selva Raj | SBIN 0000249 | 102329 34679 |
| 2. ICICI BANK | Anna Salai, Chennai -2 | Echo of His Call | ICIC 0006038 | 6038 05022319 |

समय खेर किन फाल्ने, जब कुनै परमेश्वरलाई केही प्रकारको प्रार्थना सधैं गरिरहने परमेश्वरको सेवक साम सेल्भाराज हामीसँग काम गरिरहनुभएको छ । अनि उहाँले मेरो कार्यालय सबैभन्दा माथिल्लो तल्लामा सबैभन्दा पहिले सार्ने आदेश दिनुभयो र मलाई सम्मान गर्नुभयो । त्यसैले, परमेश्वरले मलाई सरकारी सेवक र पूजाहारीको रूपमा काम गर्ने मौका दिनुभयो । तपाईंलाई थाहै छ, सरकारले मलाई पहिले बोलावटको प्रतिध्वनि सेवकाइ गर्न विशेष अनुमति प्रदान गरेको थियो ।

पछि, जब परमेश्वरले शाऊललाई इन्कार गर्नुभयो, शमूएलले दाऊदलाई इस्राएलको राजाको रूपमा अभिषेक गरे । दाऊदले शमूएललाई आफ्नो आत्मिक बुबाको रूपमा लिन्थे । जब शमूएल बिते, पूरै इस्राएलले तिनको निम्ति शोक गरेको थियो ।

प्रिय पाठकहरू, के तपाईंले आफ्नो जीवनमा यस्तै प्रकारको उन्नति अनुभव गर्नुभएको छ ?

शमूएलको बाल्यकाल, युवावस्था र वयस्यपना र तिनको वृद्धावस्थाको समयमा परमेश्वरले तिनलाई बचाउनुभयो र तिनका कुनै पनि वचन व्यर्थ जान दिनुभएन । यस्तो अद्वितीय प्रेम र वास्ताको साथमा प्रभुले तपाईंसँग पनि रहून् । विश्वास गर्नुहोस् र जीवित परमेश्वर येशू ख्रीष्टकहाँ आउनुहोस् !! आमेन ।

---


## We Need Library Books

we also need used **library books which are general in nature** such as **Story Books, Fictions, Novels, Fables, Dictionaries, Puzzles, Word Twister and Dramas** for our **St. Paul's Matriculation School.** Please Contact :

**Pr. S. Sam Selva Raj,**
Echo of His Call,
Cell : 98412 71858 / 98410 71858
E.mail : sam@echoofhiscall.org

## TAX EXEMPTION

Donations by any individual or organization to **Echo of His Call Educational Trust** are eligible for Income Tax exemption under Section 80G of the Income Tax Act. Official receipts will be issued for this purpose. Please make your Demand Drafts / Cheques / M.O. for such donations in favour of **Echo of His Call Educational Trust** and send to us.

Account Name : ECHO OF HIS CALL EDUCATIONAL TRUST
Account Number : 1023 2923 805
Bank Name : STATE BANK OF INDIA
Branch : TRIPLICANE, CHENNAI - 600 005
IFSC Code : SBIN 0000249 | SWIFT Code : SBI NIN BB 455

# NEHEMIAH BIBLE COLLEGES Estd.:1992

## ECHO OF HIS CALL MINISTRIES (ESTD.: 1969)

**Recognised by the International Christian Leaders & Senior Pastors for the 50 Years!**



**Applied accreditation to ATA**

**RESIDENTIAL COLLEGE, Velachery**
**(Medium: English & Hindi)**
Course : Certificate Course / Diploma in Theology
Qualification : 10th Standard

**EVENING COLLEGE, Chepauk & Santhoshapuram**
**(Medium : Tamil)**
**Course** : Certificate Course / Diploma in Theology
*Monday, Tuesday & Thursday at 6.30 p.m. to 8.30 p.m.*
(Evening Classes - Chepauk)
Qualification : 10th Standard

**C.Th., - One Year**
**D.Th., - Two Years**

Classes Start on : 01-06-2021

Golden Opportunity! Don't miss!! God is Calling you!!!

**For more Details & Application Forms Please Contact:**
**Pastor S. Sam Selva Raj, Founder - President**
**Nehemiah Bible College**
10, Mohammed Abdullah 2nd Street, Bells Road, Opp. Cricket Stadium, Chepauk, Chennai - 600 005, India.
Phone : (+91-44) 2852 8282, 2852 9293, 2854 7766, Cell No : (+91) 98410 71852, 95661 31858
E.mail : sam@echoofhiscall.org / biblecor@yahoo.co.in Websites : www.echoofhiscall.org / www.echoofhiscall.com



# खाडलबाट दरबार

**(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)**

**"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।**

इसहाकले बानीनाली लगाए र त्यही साल तिनले सय गुणा कटनी गरे, परमेश्वरले तिनलाई आशिष् दिनुभयो (उत्पत्ति २६:१२)।

सन् १९७२ को वर्षमा मेरा प्रारम्भिक दिनहरूको समयमा म साइदापेट, चेन्नाइ भन्ने स्थानमा सुसमाचारीय क्रुसेड संचालन गर्न परमप्रभुको आत्माले कायल भएको थिएँ। हामीले भित्ते पोष्टरहरू, हाते पर्चा, आदिबाट क्रुसेडको निम्ति मानिसहरूलाई निम्त्याउन पर्याप्त मात्रामा विज्ञापन गरेका थियौं। मानिसहरूलाई ल्याउन मैले मेरो सहकर्मीहरूका साथमा सम्भवभएसम्म प्रयास गरेका थियौं।

यो कार्यक्रमको निम्ति पूर्णरूपमा पर्याप्त मात्राा प्रार्थना गरिएको थियो। मेरा केही मित्रहरूले आफ्ना वाद्यवादन र विशेष गीत ल्याएका थिए। क्रुसेडको सुरुवातको समयमा हामीले त्यहाँ कुनै पनि मानिस आइरहेको देख्न सकेनौं। तर हामी लामो समयसम्म पर्खिरहयौं। अन्त्यमा, क्रुसेडमा सहभागी हुन दुई जना दाजुभाइ आउनुभयो। क्रुसेडको निम्ति अत्यन्तै मेहेनेत गर्नुभएका मेरा भाइहरू अत्यन्तै निरास भए। परमेश्वरले हाम्रा इमानदार प्रार्थनाको जवाफ र हाम्रा मेहेनेतलाई किन आदर गर्नुभएन भनेर उनीहरूले मलाई सोधे। मैले उनीहरूलाई भनें कि परमेश्वरले आफ्नै तरिकामा आफ्नो जवाफ दिनुहुन्छ हो। मैले वास्तवमा आशा गुमाएको थिइनँ। ***मैले परमप्रभु मेरो परमेश्वरमा आफैंलाई बलियो बनाएको थिएँ*** (१ शमूएल ३०:६)।

तापनि, हामीले आराधनाको सेवा संचालन गर्‍यौं र मैले शक्तिशाली सन्देश प्रचार गरें र ती दुई सहभागीहरूमध्ये एक जनाले आफ्नो जीवन प्रभुमा सुम्पिए र पछि उहाँले आफैंलाई मसँग प्रभुको निम्ति गरिने काममा समर्पित गरेको थियो।

अब परमेश्वरले क्रुसेडहरूमा प्रचार गर्न उचाल्नुभएको थियो, जहाँ भारत र भारत बाहिरका देशहरूमा हजारौं मानिसहरू भेला हुन्छन्। परमेश्वरको नाम महिमित भएको छ। यसको निम्ति मैले धेरै धैर्य र विश्वासको साथमा धेरै वर्ष पर्खनुपरेको थियो।

प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, के तपाई असफलताको डुङ्गामा यात्रा गरिरहनुभएको छ ? तपाईंको मेहेनेत र उपवास प्रार्थनाले फल फलाएको छैन भनेर तपाईंले सोच्नुहुन्छ ? जब हामीले ठूलो र तुरुन्तै आशाको साथमा सक्रिय भइरहनुहुन्छ, कहिलेकाहीँ उहाँप्रति हाम्रो विश्वास र धैर्यतामा परमेश्वर शान्त रहनुहुन्छ।

***"आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस् र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्"*** (१ पत्रुस १:७)।

परमेश्वरले तपाईंलाई आशिष् देऊन्।

---

# बोलावटको प्रतिध्वनि

**१६ वटा भाषामा मासिक पत्रिका, बाइबल कलेजहरू, पत्राचार कोर्सहरू, मण्डली स्थापना, गाउँ अङ्ग्रेजी हाइ स्कुल, सुसमाचारीय छापाखाना, क्रुसेडहरू, सेमिनारहरू, सामाजिक सेवाहरू, आदि।**

**वार्षिक ग्राहकः रु. १००/–** **आजीवन ग्राहकः रु. २,०००/–**

**बोलावटको प्रतिध्वनि सेवकाइका** बहुसङ्ख्यक क्रियाकलापहरू तपाईंजस्तै परमेश्वरका छोराछोरीका स्वेच्छा भेटी र चन्दाहरूबाट सहायता गरिएको छ। प्रभुले तपाईंलाई अगुवाइ गर्नुभएअनुसार तपाईंले **बोलावटको प्रतिध्वनि** र यसका क्रियाकलापहरूमा सहायता गर्न सक्नुहुन्छ। सुसमाचार नपुगेका मानिसहरूका बीचमा सुसमाचार पुर्‍याउन र मण्डलीहरू स्थापना गर्न हामीलाई तपाईंको सहायताको खाँचो छ।

तपाईंलाई **बोलावटको प्रतिध्वनि** पत्रिका नियमित रूपमा प्राप्त गर्न चाहनुहुन्छ भने कृपया हामीलाई पत्राचार गर्नुहोस्। जब तपाईंले आफ्नो हुलाक वा इमेल ठेगानाहरू परिवर्तन गर्नुहुन्छ, कृपया हामीलाई तपाईंको पुरानो र नयाँ ठेगानाको बारेमा जानकारी दिनुहोस्।

**बोलावटको प्रतिध्वनि** हाम्रो वेबसाइटमा १६ वटा भाषाहरूमा पनि उपलब्ध छ। तपाईंले वेबसाइटमा गएर पढ्न साथै त्यसलाई डाउनलोड गरेर पढ्न सक्नुहुन्छ र आशिष् पाउन सक्नुहुन्छ।

तपाईंका पत्रहरू, प्रार्थनाका आग्रहहरू र तपाईंका आर्थिक सहायताहरू (डी.डी., चेक, मनी अर्डर, आदि) तपाईंले तल दिइएको ठेगानामा **बोलावटको प्रतिध्वनिमा** पठाउन सक्नुहुन्छ।

कृपया तपाईंको **ल्यान्ड लाइन फोन/मोवाइल नम्बरहरू र इमेल ठेगानाहरू** अपडेटको निम्ति पठाउनुहोस्।


**बोलावटको प्रतिध्वनि**

10, MOHAMMED ABDULLAH 2nd STREET, CHEPAUK,
CHENNAI - 600 005, INDIA
फोन नं.: (+91-44) 2852 8282, 2852 9293, 2854 7766,
मोवाइलः (+91) 98410 71852, 90924 62566
इमेलः sam@echoofhiscall.org / biblecor@yahoo.co.in
वेबसाइटः www.echoofhiscall.org / www.echoofhiscall.com


तपाईंले आफ्नो चन्दा अनलाइन पनि पठाउन सक्नुहुन्छ।

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/18-20 WPP NO. TN/PMG(CCR)/WPP-220/18-20

**THIS IS YOUR MINISTRY! PLEASE DO IT FOR GOD'S GLORY!! WE NEED MORE READERS !!!**

Please write below atleast 10 names, addresses, E.mail addresses and Cell Phone Numbers of your friends and relatives. We will send **Echo of His Call Magazine** to them as a gift from you each month freely.

1.______________________________

______________________________

2.______________________________

______________________________

3.______________________________

______________________________

4.______________________________

______________________________

5.______________________________

______________________________

6.______________________________

______________________________

7.______________________________

______________________________

8.______________________________

______________________________

9.______________________________

______________________________

10.______________________________

______________________________

**Please use additional sheets if you have more addresses. God will reward you.**

**RNI NO. TNNEP/2000/2841**
**Postal Regn. No. TN/CH/(C)/194/18-20**
**WPP NO. TN/PMG(CCR) / WPP- 220/18-20**
**Date of Publication: Third week of every month**
**Date of Posting : 15th & 16th of every month**
**Posted at "Egmore RMS / 1 Patrika Channel"**
**on 17th MAY 2021**

**If un-delivered please return to:**
**ECHO OF HIS CALL (NEPALI)**
**P.O. Box No. 2957,**
**Chepauk, Chennai - 600 005, INDIA.**
**Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766**

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from No.10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005 and printed by him at **Echo of His Call Printers** No. 10, Mohammed Abdullah Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**